नीलकण्ठ नगरपालिका

# नीलकण्ठ राजपत्र

वर्षः ४ संख्याः २० प्रकाशित मितिः २०७७/०१/१२

भाग-२

नीलकण्ठ नगरपालिका

## असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

### प्रस्तावना

कोरोना भाइरस (कोभिड १९) को सम्भावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्न यस नीलकण्ठ नगरपालिकाको कार्यपालिकाले यो मापदण्ड तयार गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अबधिभरको लागि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

(क) "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनुपर्छ ।

(ख) "असहाय" भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्दछ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ४ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिका सम्झनु पर्दछ ।

**३. अभिलेख राख्नुपर्ने** : (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्बन्धितवडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसार पसार गर्ने श्रमिक

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तु ओसारपसार गर्ने व्यक्ति

(ग) ट्रप, टिपर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा जेष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेला गाडा तथा साइकलमा सामान विक्री वितरण गरि गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर :

(१) अन्य व्यक्तिको मालबाहक सवारी तथा डेलिभरि भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यामीमा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, टेलरिङ, गलैंचा, बट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर

(ट) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति

(ठ) असहाय वर्ग

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची – १ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा अध्यक्षको सहयोग लिई तीन दिनभित्र तयार गरि सार्वजनिक गर्नु पर्नेछ । साथै वडा कार्यालयले एक प्रति विवरण नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ र नगरपालिका कार्यालयले उक्त विवरणकार्यालयको वेवसाइटमा राख्नु पर्नेछ ।

**४. राहत वितरण गर्नुपर्ने** : दफा ३ बमोजिमको लागतमा समावेश भएका श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत नगरकार्यपालिका कार्यालयसंग समन्वय गरी तत्काल वितरण गर्नुपर्नेछ ।

**५. राहत सामाग्री** : (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरुलाई प्रति परिवारलाई परिवारको आवश्यकता अनुसार पटक पटक गरी लकडाउन अवधिभरका लागि राहत सामाग्री वितरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राहत सामाग्री वितरण गर्दा स्थानीय रुपमा उपलब्ध हुने खाद्य सामाग्री निर्धारित परिमाणबमोजिम वितरण गर्नुपर्नेछ ।

(३) पहिलो पटक राहत प्राप्त गरेका परिवारलाई लकडाउनको अवधी र अवस्था विचार गरी थप राहत उपलब्ध गराउनु पर्ने अवस्था भएमा नगर कार्यपालिकाको निर्णयबाट त्यस्ता सामाग्रीहरुको उपलब्धताका आधारमा राहत सामाग्रीको परिमाण निर्धारण गरि वितरण गर्न सकिनेछ ।

(४) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै राहत सामाग्री देहाएको परिमाणमा वितरण गरिनेछ :

(क) परिबार संख्या २ जनासम्मको लागि:
चामल १२.५ किलो, दाल २ किलो, नुन १ प्याकेट र खाने तेल १ लिटर ।
(ख) परिबार संख्या २ जनाभन्दा बढीको लागि:
चामल २५ किलो, दाल ३ किलो, नुन २ प्याकेट र खाने तेल डेढ लिटर ।
(ग) राहत सामाग्री उपलव्ध गराउदा सबै वडाहरुमा एकै गुणस्तरको उपलव्ध गराउनेछ ।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक वर्ग तथा असहाय तथा निजहरुसँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(६) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

**६. वितरण गर्ने विधि** : देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नुपर्नेछ :

(१) राहत वितरणको लागि सम्भव भएसम्म सम्वन्धित वडा समितिले नै सामाग्री खरिद गरी वितरण गर्ने ।

(२) राहत सामग्रीको परिमाण, गुणस्तर, आपूर्ति तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट राहत सामाग्री खरिद गर्न समस्या हुने भएमा देहाय बमोजिम गर्ने :

(क) नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मुल्य सुची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनोट गर्ने ।

(ख) राहत सामाग्रीको आपूर्ति व्यवस्थापन तथा राहत वितरणमा सहजीकरणको लागि नगर कार्यपालिकाले कार्यदल गठन गर्न सक्नेछ ।

(३) राहत सामाग्रीको वितरण सम्वन्धित वडा समितिबाटै गर्नुपर्नेछ ।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदन** : (१) सम्बन्धित वडा कार्यालयले अनुसूची २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति नगरपालिका

कार्यालयमा पठाउनु पर्नेछ ।

(२) नगरपालिकाबाट राहत वितरणको प्रतिबेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

**८. कारवाही सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुटा विवरण पेश गरि राहत लिनु वा दोहोरो राहत लिनु हुँदेन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम बारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम निजबाटअसुल गरिनेछ ।

कोषबाट खर्च व्यहोर्नुपर्ने:(१) यस मापदण्ड बमोजिम लाग्ने सम्पूर्ण खर्च नगरपालिकामा स्थापित कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त रकम तथा नगरपालिकाले राजश्व संकलन, राजश्व बाँडफाँड र नेपाल सरकारबाट समानीकरण अनुदान शीर्षकबाट प्राप्त रकम रकमान्तर गरी रकम जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम कोषमा नगरपालिकाका पदाधिकारी, कर्मचारी, शिक्षक, अन्य व्यक्ति, संघ संस्था वा निकायबाट प्राप्त सहयोग रकम समेत जम्मा गरिनेछ ।

## अनुसूची १
(दफा ३ सँग सम्बन्धित)

## अभिलेखको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण**

१. नाम थर :

२. बाबुको नाम थर :

३. बाजेको नाम थर :

४. स्थायी ठेगाना :

५. हालको ठेगाना :

६. सम्पर्क नं :

७. दैनिक ज्यालादारीमा कार्यरत स्थान :

८. गर्ने कामको विवरण :

९. पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य

१०. राहत लिन चाहनेको स्वःघोषणा

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुबिधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

| औँठाको छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

निवेदक :
दस्तखत :
मिति :

सिफरिस गर्ने पदाधिकारी
दस्तखत
नाम
पद
मिति

नीलकण्ठ नगरपालिका
वडा नं

# अनुसूची २

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

नीलकण्ठ नगरपालिका
वडा नं ....... को कार्यालय ..............

## राहत विवरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

दस्तखत

नाम थर

टेलिफोन नं

# अनुसूची २
(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

# नीलकण्ठ नगरपालिका

## प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदन गर्नेको

दस्तखत

नाम थर

टेलिफोन नं.

**आज्ञाले**

**हरिप्रसाद अर्याल**

**प्रमाणिकरण मितिः २०७७/०१/०५** **प्रमुख प्रशासकीय अधिकृत**

नीलकण्ठ नगरपालिका

# नीलकण्ठ राजपत्र

वर्षः ४ संख्याः २१ प्रकाशित मितिः २०७७/०१/१२

भाग-२

नीलकण्ठ नगरपालिका

## "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७"

### प्रस्तावना

कोरोना भाइरस रोग (कोभिड-१९) को महामारी नियन्त्रण गर्न, संक्रमण फैलन नदिन, नागरिकको जीवन सुरक्षा एवं उपचारको लागि आवश्यक कार्य गर्न तथा महामारीको कारण विपद् र सङ्कटमा परेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, गर्भवती तथा सुत्केरी महिला, शिशु तथा बालबालिका, दैनिक ज्यालादारी गरेर जीवननिर्वाह गर्ने श्रमिकहरु, अरुको सहायतामा बाँचेकाहरु, विपन्न, सुकुम्वासी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एंव अन्य जोखिममा रहेका सर्म्पूण नागरिको जीवन रक्षा गर्न आवश्यक भएकोले, सङ्घीय र प्रदेश सरकारद्वारा जारी गरिएका विभिन्न निर्देशिका तथा कार्यविधि र स्थानीयतहको अधिकारक्षेत्र भित्र रही नीलकण्ठ नगरपालिकाले प्रवाह गर्ने सूचना तथा जानकारी, आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण, स्वास्थ्यसेवा, स्वास्थ्यपरीक्षण, क्वारेटाइन, आइसोलेशन, कोभिड संक्रमणको परीक्षण, सरोकारवालाहरुसँगको सहकार्य र राहत सामग्री वितरणलगायतको कार्यलाई व्यवस्थित गरि कोष संचालन तथा खर्च प्रणाली पारदर्शी गर्न जरुरी देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नीलकण्ठ नगर कार्यपालिकाले "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७" जारी गरेकोछ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कोरोना भाइरस (कोभिड–१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन सम्वन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।